MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**
**राइजिङ्ग मल, कमलादी, काठमाडौं ।**
पोष्ट बक्स नं. : २६५५९, फोन नं. : ९७७ ०१ -४१६९२१७
फ्याक्स नं. : ९७७-०१-४१६९२१५
Email : info@megabank.com.np
Website : www.megabanknepal.com

**को**

# बोलकबोल (गोप्य शिलबन्दी) द्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरू मिति : २०७७ साल असोज ११ गते, आईतबार**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७७ साल असोज १८ गते, आईतबार**

मेगा बैंक नेपाल लिमिटेडको हकप्रद शेयर मिति २०७४/०५/२७ गते देखि २०७४/०७/१४ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक तथा सर्वसाधारण तर्फका शेयरहरूको लागि तपशिल बमोजिम कित्ताको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशन, २०७७, तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को परिच्छेद ३(१५) को प्रावधानलाई आधार मानी उक्त शेयरहरू बोलकबोल (गोप्य शिलबन्दी) द्धारा बिक्री गर्ने यस बैंकको सञ्चालक समितिको निर्णयानुसार उक्त शेयरहरू खरीद गर्न योग्य व्यक्ति, कम्पनी, संघ, संस्थाहरूले मिति २०७७ साल असोज १८ गते बैंकिङ्ग समय भित्र देहाय बमोजिमका स्थानहरूमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपशिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

## तपशिल

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थानहरूः (संकलन केन्द्र) |
|---|---|
| १ | **मेगा क्यापिटल मार्केट्स लिमिटेड, साकेत कम्लेक्स, त्रिपुरेश्वर, काठमाडौं** |
| २ | **मेगा बैंक नेपाल लिमिटेडका शाखा कार्यालयहरू**<br>**काठमाडौं उपत्यकामा**: कमलादी, नयाँ बानेश्वर (चोक), ठमेल, न्यूरोड (पिपलबोट), ज्ञानेश्वर, चाबहिल, बौद्ध, कलंकी, गोंगबु, महाराजगञ्ज (चक्रपथ), मैतीदेवी, जावलाखेल, पुरानो ठिमी र सुर्यविनायक ।<br>**काठमाडौं उपत्यका बाहिर**: धनगढी, विरेन्द्रनगर (बुद्धमार्ग), नेपालगञ्ज (ग्यालेक्सी दरबार होटल भवन), तुल्सीपुर (बाहिनीचोक), भैरहवा (बर्मेलीटोल, काशी कम्प्लेक्स), बुटवल (मिलनचोक), अर्घाखाँची, तम्घास, तानसेन, नारायणगढ (पुलचोक भरतपुरमार्ग तर्फ), पोखरा (सभागृहचोक), चिप्लेढुङ्गा पोखरा, हेटौंडा (पारिजातमार्ग), विरगञ्ज (आदर्शनगर), सिन्धुली, जनकपुर (शिवचोक), धरान, विराटनगर (रंगेलीरोड), र विर्तामोड (मुक्तिचोक) । |

## बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः

**(क) संस्थापक समूह तर्फको शेयर : ११,३३,३४४.७० कित्ता**
**(ख) सर्वसाधारण समूह तर्फका शेयर : ७,०७,३९४.९३ कित्ता**

**संस्थापक/सर्वसाधारण समूहको हकप्रद शेयर शिल्ड टेण्डरबाट खरीद गर्नको लागि आवेदकले पालना गर्नुपर्ने शर्त/बन्देजहरू :**

१. बोलपत्र आवेदन फाराम रू. १००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ । यदि online बाट फारम लिइ भरेको खण्डमा उक्त फारमलाई शिलबन्दी गर्नुपूर्व सम्बन्धित कम्पनी (मेगा बैंक नेपाल लिमिटेड/मेगा क्यापिटल मार्केट्स लिमिटेड) को छाप लगाई प्रमाणित गर्नुपर्नेछ । छाप लगाई प्रमाणित नगरिएको फारम मान्य हुने छैन ।

२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू. १००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरिद गर्न चाहेमा भिन्नाभिन्नै शिलबन्दी खामभित्र आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकहरूले आफ्ना ग्राहकहरूका नामबाट आवेदन गर्दा आफ्नो आधिकारीक पत्र मार्फत तोकिए अनुरूपको सूची बनाई सम्पूर्ण आवेदकहरूको लागि गरिने लगानी रकम व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्या १ लाख कित्ता सम्म दरखास्त दिन पाइनेछ । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ । दशमलब (खण्डित रूपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन ।

५. शिलबन्दी खाम बाहिर सर्वसाधारणतर्फको शेयरको लागि आवेदन गर्दा "मेगा बैंक नेपाल लिमिटेडको सर्वसाधारण शेयर खरीद आवेदन" तथा संस्थापकतर्फको शेयरको लागि आवेदन गर्दा "मेगा बैंक नेपाल लिमिटेडको संस्थापक शेयर खरीद आवेदन" उल्लेख भएको हुनुपर्नेछ । शिलबन्दी बोलपत्र लाहछाप गरिएको हुनुपर्नेछ ।

**६. संस्थापक तथा सर्वसाधारणमध्ये कुन समूहको शेयरको लागि दरखास्त दिइएको हो सो स्पष्ट खुल्नेगरी शेयर आवेदन फाराममा ✓ चिन्ह लगाउनुपर्नेछ ।**

७. संस्थापक समूहको हकमा विद्यमान संस्थापकहरूले मात्र आवेदन दिन पाईने छ । संस्थापक शेयरको लागि आवेदन दिंदा कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको प्रमाण, आम्दानीको श्रोत खुल्ने प्रमाण, पछिल्लो आर्थिक वर्ष २०७५/७६ को कर चुक्ता प्रमाणपत्र/कर दाखिला प्रमाणपत्र समेत संलग्न गर्नुपर्नेछ । साथै नेपाल राष्ट्र बैंकले तोकेको Fit & Proper Test पुरा भएको हुनुपर्नेछ । सो पूरा नभएका शेयरधनीलाई बाँडफाँटमा समाबेश गरिने छैन ।

८. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम मेगा बैंक नेपाल लिमिटेड, मुख्य शाखा, कमलादी, काठमाडौंमा रहेको मेगा क्यापिटल मार्केट्स लिमिटेडको **खाता नं. 0010010718889** मा जम्मा गरी सो को सक्कल भौचर वा **Mega Capital Markets** Limited को नाममा जारी गरिएको **Good for Payment Cheque/Manager's Cheque/Draft** शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिको तोकिएको समयसम्ममा संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।

९. सबै भन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरू पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरू माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकवोल गर्ने क्रमहरू मध्ये को कम बोलकवोल गरी बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रूपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरी समायोजन गरिनेछ । शेयर बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१०. बोलपत्रवालाले अनिवार्य रूपमा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ । साथै, रू १० लाख भन्दा बढी रकमको लागि आवेदन गर्दा प्यान नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

११. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. बोलपत्रहरू सम्पूर्ण संकलन केन्द्रहरूबाट बिक्री प्रबन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति, समय र स्थान उल्लेख गरी राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् मात्र खोलिने छ ।

१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारबाही गरिने छैन ।

१४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनुपर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नुपर्नेछ ।

१५. बोलपत्र आवेदकहरू मध्ये बोलकबोलमा नपरेको आवेदकहरूको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

१६. आवेदक प्रचलित कानून बमोजिम बैंकको शेयर खरिद गर्न योग्य हुनुपर्नेछ । त्यस्तो आवेदक संगठित संस्था/कम्पनी भएमा उक्त संस्था/कम्पनीको प्रबन्धपत्र/नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ । साथै, बोलकबोल शेयरको लागि गरेको लगानीको स्रोतको बैधानिकता आवेदक स्वयंले सावित गर्नुपर्नेछ र नियमन निकायबाट माग भई आएको खण्डमा उक्त लगानीको स्रोत उपलब्ध गराउन मन्जुर हुनुपर्नेछ ।

**१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक मेगा क्यापिटल मार्केट्स लिमिटेड, साकेत कम्लेक्स, त्रिपुरेश्वर, काठमाडौंको सूचना पाटी तथा वेवसाइट : www.megacapitalmarkets.com मा हेर्न सकिनेछ ।**

## बिक्री प्रबन्धक

MEGA
CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
100% subsidiary of Mega Bank Nepal Limited

**मेगा क्यापिटल मार्केट्स लिमिटेड**
**साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।**
फोन नं. : ०१-४२६२७७२/४२६२७७५
Email : info@megacapitalmarkets.com
Website : www.megacapitalmarkets.com